पालिका

सम्सी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सम्सी, महोत्तरी

मधेश प्रदेश ,नेपाल

पत्र संख्याः-२०८२।०८३
चलानि नं.

मितिः २०८२।०८।२६

## तह वृध्दि / स्तर वृध्दि सम्बन्धी सुचना।

मधेश प्रदेश स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ अनुसार तह वृध्दि/स्तर वृध्दि प्रयोजनार्थ यस कार्यालयमा कार्यरत योग्यता पुरा गरेका स्थायि कर्मचारिहरुले देहायका प्रमाणित कागजात सहित २०८२ पुष मसान्त भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण कर्मचारीहरुलाई जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

तपसिलः-

१. निवेदन १ थान।
२. सुरु नियुक्ति पत्र १ थान।
३. समायोजन पत्र १ थान।
४. वढुवा/नियुक्ति पत्र १ थान।
५. न्युनतम शैक्षिक योग्यता प्रमाण पत्र प्रतिलिपि १ थान।
६. प्रदेश लोक सेवा आयोगको यसै साथ संलग्न मिति २०८२।०८।२५ को राय परामर्श पत्रमा उल्लेख भए बमोजिमको का.स.मु ।

..............
ई. मनोज कुमार साह
प्रमुख प्रशासकिय अधिकृत

Email id:-ito.samsimun@gmail.com , info@samsimun.gov.np Website: https://www.samsimun.gov.np/

सम्सी गाउँपालिका
सम्सी, महोत्तरी
मधेश प्रदेश (नेपाल)
दर्ता नं. ६०६
दर्ता मिति २०८२।०८।२९

# प्रदेश लोक सेवा आयोग
## मधेश प्रदेश
### जनकपुरधाम, धनुषा, नेपाल

Email Address: info.ppsc@p2.gov.np
Tel: – 041-590247

प.सं.:-२०८२/८३
च.नं.:- ६२२

मितिः२०८२।०८।२५

श्री सम्सी गाँउपालिका
सम्सी, महोत्तरी ।

श्री प्रशासन
आ. का. गर्ने

**विषयः- राय/परामर्श सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा, तहाँ कार्यालयबाट च.नं. ६०२, मिति २०८२।०८।२४ मा प्राप्त राय/परामर्श सम्बन्धमा, यस आयोगबाट देहाय वमोजिम मिति २०८२।०८।०८ मा निर्णय भएको व्यहोरा निर्णयबाटै अवगत गर्नुभै आवश्यक कारवाही अगाडि बढाउनुहुन अनुरोध छ ।

**निर्णय नं.१**

प्रस्तुत विषयमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा (४) बमोजिम तह वृद्धिका लागि सबै योग्यता पुरा गरेको मितिबाट ज्येष्ठता कायम हुने गरी कम्तीमा एक महिना अगावै सूचना प्रकाशन गरी पौष र अषाढ महिनामा ऐनको दफा २९ को उपदफा (१) र (२) को प्रावधान अनुसार उक्त ऐनको मर्म र भावना बमोजिम सोही ऐनको उपदफा (५) मा तोकिए बमोजिमको तह वृद्धि सिफारिश समिति लगायतको सम्पूर्ण प्रक्रिया पुरा गरी पदाधिकार रहेकै कार्यालयबाट तह वृद्धि/स्तर वृद्धि सम्वन्धि कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने" परामर्श दिने।

**निर्णय नं. २**

प्रस्तुत विषयमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ बमोजिम तह वृद्धि/स्तर वृद्धि गर्दा तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदको ३ (तिन) आ.व. को का. स.मु आवश्यक हुने (आठौ तहमा तह वृद्धि हुन सात तह को ३ (तिन) आ.व.को का.स.मु आवश्यक हुने) र (छठौ तहमा तह वृद्धि हुन पाँच तहको ३(तीन) आ.व.को का.स.मु आवश्यक हुने)" परामर्श दिने।

**निर्णय नं. ३**

प्रस्तुत विषयमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ मा व्यवस्था गरिएको तह वृद्धि सिफारिश समिति तोक्ने अधिकार क्षेत्र सोही ऐनको दफा १५४ अनुसार सम्बन्धित स्थानीय तहमा निहित रहेको देखिन आएको" परामर्श दिने।

**निर्णय नं.४**

पाँचौं तहमा शुरु नियुक्ति भएका वा पाँचौं तहमा स्तरवद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन), २०८१ को दफा २९ को उपदफा (२) को तालिकाको क्र.स. २(क) बमोजिमको आवश्यक योग्यताहरु (सम्बन्धित तहमा

पाँच वर्ष सेवा अवधि पूरा भएको र पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा उत्तम अङ्क) पूरा गरेको अवस्थामा छैठौं तहमा स्तरवृद्धि गर्न बाधा नपर्ने देखिएको राय परामर्श दिने ।

निर्णय नं.५

पाँचौ तहमा आन्तरिक प्रतियोगात्मक परिक्षाद्धारा बढुवा भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीहरुको हकमा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा (२) तालिकाको क्र.स. २(ख) बमोजिमको आवश्यक योग्यताहरु (सम्बन्धित तहमा पाँच वर्ष सेवा अवधि पूरा भएको र पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा उत्तम अङ्क) पूरा गरेको अवस्थामा छैठौं तहमा स्तरवृद्धि गर्न बाधा नपर्ने देखिएको राय परामर्श दिने ।

निर्णय नं.६

मधेश प्रदेशको विभिन्न स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाको पाँचौं तहमा कार्यरत कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा २९ को उपदफा २ को तालिकाको क्र.सं. २(ख) बमोजिमको आवश्यक योग्यताहरु पूरा भएको अवस्थामा छैठौं तहमा तहवृद्धि/स्तरवृद्धि गर्नको लागि उक्त दफा को बढुवा सम्बन्धी प्रतिबन्धात्मक वाक्यांशको प्रावधान सोही ऐनको दफा ९३ र कर्मचारी समायोजन ऐन २०७५ को दफा १५(३) को मर्म र भावना अनरुप आकर्षित हुने देखिदैन् । तसर्थ उपरोक्तानुसारको पाँचौं तहको स्वास्थ्य सेवाको कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा २९ को उपदफा (३),(४),(५),(६),(७) र (८) को प्रकृयाहरु पूरा गरी स्थानीय स्वास्थ्य सेवाको छैठौं तहमा तहवृद्धि/स्तरवद्धि गर्न मिल्ने देखिएको राय परामर्श दिने।

निर्णय नं.७

छैठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौ तहमा शुरु नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाको कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन), २०८१ को दफा २९ को उपदफा (२) को तालिकाको क्र.स. ३(ग) बमोजिमको आवश्यक योग्यताहरु (सम्बन्धित तहमा पाँच वर्ष सेवा अवधि पूरा भएको र पछिल्लो दुई आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा उत्तम अङ्क) पूरा गरेको अवस्थामा सातौं तहमा स्तरवृद्धि गर्न मिल्ने देखिएको राय परामर्श दिने ।

..........................

चिरन्जीवी गौतम

(नि.सचिव)